आज मिति २०७८ साल पौष २९ गते विहिवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री धन कुमार राई | |
| १९ | प्रशासन शाखा | ज्ञान बहादुर राउत | |
| २० | प्राविधिक शाखा | प्रमोद राई | |

आमचोक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
१ नं. प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

मिति:२०७८/०९/ २९ बैठक संख्या:८

**प्रस्तावहरु**

१. अगाडीको वैठकको समिक्षा सम्वन्धमा
२. कर्मचारी प्रशासन सुधार योजना स्वीकृति सम्वन्धमा
३. गाउँपालिकाको स्वामुल्याङ्कन सम्वन्धमा
४. वडा नं.१० को कार्यालय सहयोगीलाई करारमा नियुक्ती सम्वन्धमा
५. न्यायिक समितिमा ज्यालादारिमा कार्यालय सहयोगी नियुक्ती सम्वन्धमा
६. करार कर्मचारी नियुक्त सम्वन्धमा
७. कोभिड १९ को सम्वन्धमा
८. अपाङ्गता भएका व्यक्तिहरुको उपचार सहयोग अनुदान कार्यविधि २०७८ स्वीकृत सम्वन्धमा
९ राजश्व परामर्श समितिको प्रतिवेदन सम्वन्धमा
१० वडा नं.१ को वडा कार्यलय भवन निर्माण सम्वन्धमा
११ आर्थिक सहयता सम्वन्धमा

**निर्णय नं.१**

१. प्रस्ताव नं १ माथि छलफल भै मिति २०७८ पौष २० गतेको कार्यपालिकाको वैठकले गरेको १० वटा निर्णहरुको विययमा व्यापक समिक्षा गरियो । सो निर्णयहरु मध्ये सवै कार्यन्यन भइसकेको र गाउँपालिकाको प्रशासनीक भवन निर्माण प्रकृयामा गैसकेको र लेखापाल नभएकोले आर्थिक सहयोग उपलव्ध गराउन नसकिएकोले लेखापाल आउन साथ सो निर्णयको कार्यन्वयन गर्ने ।

**निर्णय नं.२**

२. प्रस्ताव नं २ माथि छलफल भै कार्यलयवाट तयारी गरि सम्पूर्ण कर्मचारीहरुको वैठकले स्वीकृत गरेको कर्मचारी प्रशासन सुधार योजनालाई स्वीकृति गर्ने । कार्यन्वयन भए नभएको विषयमा जनप्रतिनिधिहरुवाट अनुगमन गर्ने ।

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि छलफल भै गाउँपालिकाको संस्थागत स्वामुल्याङ्कन जिल्ला समन्वय समिति भोजपुरवाट स्वीकृत भइ आए वमोजिम स्वीकृत गरी आजैको मितिमा सार्वजनिक गर्ने ।

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाउँपालिकाको सेवा करारमा कर्मचारी छनौट तथा सिफारिस समितिको मिति २०७८ मंसिर ९ गतेको कर्मचारी छनौटको निर्णय अनुसार कार्यलय सहयोगीको पहिलो वैकल्लपिक उम्मेद्वार आमचोक वडा नं.१० निवासी कविता राई भएको र आमचोक-१० को कार्यालय सहयोगी विर वहादुर राई सेवा हदका कारण अनिवार्य अवकास भएकोले रिक्त पदमा वैकल्पिक उम्मेदवारलाई ६ महिनाको लागि करार सेवामा नियुक्तिका लागि सिफारिस भइ आएवमोजिम नियुक्ति गर्ने ।

**निर्णय नं.५**

प्रस्ताव नं ५ माथि छलफल भै न्यायिक समितिमा १ जना कार्यालय सहयोगी आवश्यक भएकोले निवेदन वमोजिम आमचोक -३ निवासी श्री ममिला राईलाई ६ महिनाको लागि ज्यालादारीमा नियुक्ती गर्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं ६ माथि छलफल भै कर्मचारी छनौट समितिको मिति २०७८/०९/२४ मा सिफारिस भइ आए वमोजिम रिक्त सिभिल ईन्जिनियर ( अधिकृत स्तर छैठौ) तहमा आमचोक-४ निवासी श्री अमर वहादुर सुवेदिको छोरा श्री विपन सुवेदि र कम्प्युटर अपरेटर ( सहायक स्तर पाँचौ) तहमा आमचोक-४ निवासी श्री कृष्ण वहादुर राईको छोरा श्री राजेश राईलाई ६ महिनाको लागि करार सेवामा नियुक्त गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

**निर्णय नं.७**

प्रस्ताव नं ७ माथि छलफल भै कोभिड १९ को संक्रमण हाल वढ्दै गएकोले कार्यतालिका वमोजिम संचालन भइरहेको कार्यक्रमहरुलाई स्वास्थ्य मापदण्डको पूर्ण पालना गरि निरन्तरता दिने । साथै केहि विद्यालयहरुले गाउँपालिकासंग सहकार्य नगरी वन्द गरेकोले तुरुन्त विद्यालय संचालन गर्ने र विद्यालयहरुको पठन पाठनलाई स्वास्थ्य मापदण्डको पूर्ण पालना गरि निरन्तरता दिने ।

**निर्णय नं.८**

प्रस्ताव नं ८ माथि छलफल भै "अपाङ्गता भएका व्यक्तिहरुको उपचार सहयोग अनुदान कार्यविधि २०७८" स्वीकृत गर्ने ।

**निर्णय नं.९**

प्रस्ताव नं ९ माथि छलफल भै राजश्व परामर्श समितिको वैठकले आर्थिक वर्ष २०७९/०८० को लागि आफ्नो कार्यक्षेत्रभित्र परिचालन गर्न सक्ने राजश्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आ.व.मा प्राप्त हुन सक्ने राजश्वको अनुमान गरी पेश गरेको प्रतिवेदनलाई स्वीकृत गरी श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति र सम्वन्धित निकायमा पठाउने ।

**निर्णय नं.१०**

प्रस्ताव नं १० माथि छलफल भै आमचोक गाउँपालिकाको दशौ गाउँसभावाट आ.व. २०७८/०७९ का लागि स्वीकृत कार्यक्रम वडा कार्यलय भवन निर्माण शीर्षकमा रु १५ लाख विनियोजन भएकोमा सो भवन निर्माणका लागि प्राविधिक शाखावाट लागत अनुमान रु ८६,०९,९३८.९३।(अक्षेरुपी रु.छयासी लाख नौहजार नौसय अठ्तीस रुपैयाँ त्रियानव्वे पैसा मात्र) तयार भएकोमा आगामी आ.व.मा अपुग वजेटको श्रोत सुनिश्चितता हुने गरि वहुवर्षीय ठेक्काका लागि प्रकृया वढाउने ।

**निर्णय नं.११**

प्रस्ताव नं ११ माथि छलफल भै आर्थिक सहायता माग भइ आए वमोजिम तपिशल वमोझिम आर्थिक सहयाता उपलव्ध गराउने ।

क) स्व.श्रीमती जनकमाया तथा भुइदल राई पाउण्डेशन हतुवागढीवाट श्री भुइदल राई इतिवृत १५ थान पुस्तक पठाई प्रति पुस्तक रु.५००। को दरले रु.७५००।(अक्षेरुपी रु.सातहजार पाँचसय मात्र) माग भइ आएकोले अन्य सहायता शिर्षकवाट भुक्तानी दिने ।

ख)आमचोक-२ छयाङ निवासी श्री मनिराज राईको वर्षातको कारण घरको गाह्रो पूर्ण क्षति भएकोले उद्वार,राहत तथा पुनस्थापना खर्च शिर्षकवाट रु.१०,०००। (अक्षेरुपी रु.दशहजार मात्र) उपलव्ध गराउने ।

ग) आमचोक-१ निवासी श्री गोपाल कार्कीको छोरा १२ वर्षिय श्री दिपेश कार्कीको मृगोला खराव भइ उपचारत रहेकोले अन्य सहायता शिर्षकवाट रु.२०,०००। (अक्षेरुपी रु.विसहजार मात्र) उपलव्ध गराउने ।

आमचोक गाउँपालिका गाउँपालिकाको कार्यालय बालंखा, भोजपुर १ नं प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई अध्यक्ष